# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

प.सं./Ltr.No.:
च.नं./Ref.No.

Ph:- 021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


मिति (Date): २०८१/०८/०९

सूचना ! सूचना !! सूचना !!!

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न बायोमेट्रिक भेरिफिकेशन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको श्रावण देखि भाद्र मसान्तभित्र सम्वन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनु पर्ने व्यवस्था रहेको छ ।राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं. ११, मिति २०८१ श्रावण १४ गतेको पत्रको बुदाँ नं. २ बमोजिम भाद्र मसान्त भित्र नविकरण गरेको तथा बायोमेट्रिक सफल हुन नसकेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने **(दलित बालबालिका, पूर्ण अपाङ्गता र ९० वर्ष भन्दा माथिका बाहेक)** लाभग्राहीहरुले साथै नयाँ दर्ता गर्दा बायोमेट्रिक भेरिफिकेशन नगरेका लाभग्राहीहरुलाई पुनः सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरि/गराई आ.ब. २०८१/०८२ को लागि भत्ता प्राप्त गर्न योग्य हुन मिति २०८१ मंसिर मसान्त भित्र अनिवार्य बायोमेट्रिक भेरिफिकेशन गर्न/गराउनु हुन अनुरोध छ ।

**बायोमेट्रिक भेरिफिकेशन गर्न आउँदा साथमा लिएर आउनु पर्ने कागजातहरु:**

१. मिति २०८१ भाद्र मसान्त भित्र नविकरण गरेको निस्सा पत्र,
२. नेपाली नागरिकता प्रमाणपत्र,
३. राष्ट्रिय परिचयपत्र नम्बर भएको निस्सा फारम,
४. सामाजिक सुरक्षा भत्ता परिचयपत्र ।

प्रशासकीय अधिकृत